# कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९

स्वीकृत मिति
२०७९/१२/०१

प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को नियम ४८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको नियमावली बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस नियमावलीको नाम **"कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९"** रहेको छ।

(२) यो नियमावली प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखी लागू हुनेछ।

२. प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ को नियम २ मा संशोधन: (१) प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) को सट्टा देहाय बमोजिमको खण्ड (घ) राखिएको छः-

"(घ) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको उद्योग विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(२) मूल नियमावलीको नियम २ को खण्ड (ङ) खारेज गरिएको छ।

(३) मूल नियमावलीको नियम २ को खण्ड (च) मा रहेका "मन्त्रालय मातहतको निर्देशनालय वा" भन्ने शब्दहरु झिकिएका छन्।

३. मूल नियमावलीको नियम ३ मा संशोधन: (१) मूल नियमावलीको नियम ३ को उपनियम (२) खारेज गरिएको छ।

(२) मूल नियमावलीको नियम ३ को उपनियम (३) को सट्टा देहाय बमोजिमको उपनियम (३) राखिएको छ।

"(३) पन्ध्र करोड रुपैयाँ भन्दा बढी अधिकृत पूँजी भएको फर्मको दर्ता मन्त्रालयको उद्योग सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश